# एक छोरी एक खाता सञ्चालन कार्यविधि,२०७८

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७८।०५।०५**

**प्रस्तावना**

नेपाल सरकारको दीर्घकालिन लक्ष्य समृद्ध नेपाल, सुखी नेपाली, प्रदेश सरकारको घोषित नीति तथा कार्यक्रम र छाँयानाथ रारा नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम अर्न्तगत छोरी, चेली र बालबालिकालाई प्रोत्साहनका साथ संरक्षण, संवद्धन तथा सुरक्षित स्याहार गर्ने विशेष प्राथमिकताको कार्यक्रम भएकोले सो व्यवस्थापन गर्नको लागि कार्यविधि आवश्यक परेकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी छाँयानाथ रारा नगरपालिकाको स्थानीय सरकारले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१)यस कार्यविधिको नाम “एक छोरी एक खाता सञ्चालन कार्यविधि, २०७८” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) “खातावाला” भन्नाले एक छोरी एक खाता कार्यक्रम अर्न्तगत खाता खोलिएका छोरीलाई सम्झिनु पर्दछ ।

(ख) “अभिभावक” भन्नाले नगरपालिका स्तरमा कार्यक्रममा सहभागी भएका छोरीको बाबु वा आमा वा दुबैलाई सम्झिनु पर्दछ र सो शब्दले धर्म आमा वा धर्म बाबु वा छोरीको पालन पोषण गर्ने एकाघरको मुख्य व्यक्तिलाई जनाउँदछ ।

(ग) “कार्यक्रम” भन्नाले एक छोरी एक खाता कार्यक्रमलाई सम्झिनु पर्दछ ।

(घ) “सम्झौता” भन्नाले सम्वन्धित स्थानीय तह र सेवा प्रदायक संस्था बिच भएको संझौतालाई सम्झनु पर्छ ।

(ङ) “सम्वन्धित स्थानीय तह” भन्नाले छायानाथ रारा नगरपालिकालाई सम्झनु पर्छ ।

(च) “संरक्षक” भन्नाले अभिभावक विहिन छोरीको पालन पोषण तथा संरक्षण गर्ने उद्देश्यले कानुन बमोजिम संचालित अनाथालय वा बैकल्पिक स्याहार दिने संस्थाका प्रमुखलाई सम्झनु पर्छ र सो शब्दले व्यक्ति संरक्षक भएकोमा त्यस्ता ब्यक्ति समेतलाई जनाउनेछ ।

(छ) “सेवा प्रदायक संस्था” भन्नाले छायानाथ रारा नगरपालिकामा दर्ता भएको छायानाथ बचत तथा ऋण सहकारी संस्थालाई सम्झनुपर्छ ।

**३. कार्यक्रममा आवद्ध हुनेः** (१) संवत् २०७४ साल श्रावण १ गते वा सो मितिभन्दा पछि जन्मेका छोरीहरु मात्र कार्यक्रममा आवद्ध हुन सक्नेछन् । छोरीलाई कार्यक्रममा आवद्ध गराउनका लागि निजका अभिभावक वा संरक्षकले

जन्मदर्ता र अन्य आवश्यक कागजातहरु संलग्न गरी आफु बसोबास गरिरहेको स्थानीय तहमा अनुसूचि-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) सम्वन्धित स्थानिय तहले उपदफा (१) बमोजिम प्राप्त निवेदन तथा कागजातको जाँचबुझ गरी यस कार्यविधि बमोजिम आवश्यक कागजात र प्रक्रिया अन्तर्गत खाता खोल्नको लागि कागजात सहित अभिभावक वा संरक्षक मार्फत सेवा प्रदायक संस्थामा अनुसूचि-१ बमोजिमको ढाँचामा सिफारिस गरी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सिफारिस भइ आए पश्चात सेवा प्रदायक संस्थाले कार्यक्रम अन्तर्गत नियमानुसार खाता खोली खातावालालाई खाता खुलेको निस्सा जारी गर्नेछ र सोको खाता नंबर सहितको विवरण अनिवार्य रुपमा सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।

(४) संवत २०७४ श्रावण १ गते वा सो मितिपछि जन्मिएका छोरीलाई कार्यक्रममा आवद्ध गर्नु निजका संरक्षक वा अभिभावकको कर्तव्य हुनेछ ।

(५) यस दफा बमोजिम कार्यक्रममा आवद्ध हुनको लागि एक आर्थिक बर्ष भित्र जन्मेका छोरीहरुका अभिभावक वा संरक्षकले सो आर्थिक वर्ष भित्र सम्बन्धित स्थानीय तहमा निवेदन दिइसक्नु पर्नेछ ।

**४ रकम खातामा जम्मा हुनेः** (१) संवद २०७४ श्रावण १ गतेपछि जन्मिएका सम्बन्धित स्थानीय निकाय भित्रका छोरीहरुलाई कार्यक्रम अन्तर्गत छाँयानाथ रारा नगरपालिकाको स्थानीय सरकारले एक आर्थिक वर्षमा एक छोरी एक खातामा छुट्याएको बजेट र त्यस आर्थिक वर्षमा परेका निवेदनलाई मासिक/बार्षिक रकम उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम खातावालाको बैंक खातामा आर्थिक वर्षको अषाढ मसान्त भित्रमा स्थानीय तहले जम्मा गर्नेछ ।

(३) उपदफा (२) बमोजिम नगरपालिकाबाट रकम प्राप्त गरी वा प्राप्त गर्ने गरी सम्बन्धित सेवा प्रदायक संस्थाबाट प्राप्त विवरण अनुसारका खातावालाको बैंक खातामा उपदफा (१) बमोजिम हुने गरी जम्मा गरिदिनु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिम खोलिएको बैंक खातामा सम्बन्धित खातावाला वा निजका अभिभावक वा संरक्षकले आफ्नो तर्फबाट समेत रकम जम्मा गर्न सक्नेछन् ।

(५) उपदफा (१) बमोजिमको रकम एक दम्पतीको सबै छोरीलाई एक पटकका लागि उपलब्ध गराइनेछ ।

**५. खातावालाले पाउने सेवा सुविधा सम्बन्धी व्यवस्थाः** (१) कार्यक्रम अन्तर्गत खातावालाले पाउने सेवा सुविधा सम्बन्धित स्थानीय तह र सेवा प्रदायक संस्थाबीचको सम्झौता बमोजिम हुनेछ ।

(२) सेवा प्रदायक संस्थाले उपदफा (१) बमोजिमको सम्झौता अनुसार खातावालाले पाउने व्याज तथा अन्य नगद सुविधाहरु सम्बन्धित व्यक्तिको खातामा नै जम्मा गर्नु पर्नेछ ।

(३) सम्झौता बमोजिम खातावालालाई नगद बाहेकका जिन्सी सामग्री वा अन्य सुविधाहरु उपलब्ध गराउनु पर्ने अवस्थामा सेवा प्रदायक संस्थाले छायानाथ रारा नगरपालिकासँग समन्वय गरी निश्चित विधि अपनाई त्यस्ता सुविधाहरु उपलब्ध गराउन सक्नेछ ।

**६. खातामा जम्मा भएको रकम भुक्तानी सम्बन्धी व्यवस्थाः** (१) खातामा जम्मा भएको रकम भुक्तानीको लागि खातावालाले स्थानीय तहबाट प्राप्त गरेको पासबुक लिई आएपछि सम्वन्धित अभिभावकल वा संरक्षकलाई भुक्तानी गर्नेछ ।

**७. सम्झौता रद्द हुनेः** (१) सम्झौता बमोजिम छाँयानाथ रारा नगरपालिका र सेवा प्रदायक संस्था बिच भएको सम्झौता देहायको अवस्थामा रद्द हुनेछः-

(क) सेवा प्रदायक संस्थाले सम्झौता अनुसार खातावालालाई सेवा प्रदान नगरेमा,

(ख) सम्झौताका शर्त तथा कार्यविधि बमोजिमका व्यवस्थाको पालना नहुनाले कुनै पक्षलाई असुविधा पर्न गएमा सोको जानकारी अर्को पक्षलाई गराइ सम्झौता रद्द गर्न सकिने छ,

(ग) सम्वन्धित स्थानीय तहबाट कार्यक्रम खारेज गरिएमा वा कार्यक्रमलाई निरन्तरता दिन नसकिने अन्य कुनै कारण परेमा स्थानीय तहले कुनै पनि समयमा सम्झौता रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम सम्झौता रद्द भएको अवस्थामा खातामा जम्मा रहेको रकम सम्बन्धित खातावालालाई यस कार्यविधि बमोजिम प्रक्रिया पुरा गरी भुक्तानी दिइनेछ र खण्ड (क) र (ख) बमोजिम सम्झौता रद्द भएको अवस्थामा खातामा रहेको रकम अन्य सेवा प्रदायक संस्थामा खाता खोली स्थानान्तरण गरिनेछ ।